# पहिलो अध्याय

# अध्याय १. शोधप्रबन्धको परिचय

## १:१. अध्येतव्य विषयको परिचय

महाकवि लक्ष्मीप्रसाद देवकोटा ईस्वीको बिसौं शताब्दीका सबैभन्दा प्रतिभाशाली कविका रूपमा परिचित छन् । आफ्नो चालिस वर्ष लामो (वि. सं. १९७६ – २०१६) काव्य–यात्रामा देवकोटाले युगान्तकारी काव्य–सिर्जना गर्दै सम्पूर्ण नेपाली काव्य–जगतलाई नयाँ रूप र स्वर प्रदान गरेका छन् । देवकोटाको काव्य–लेखनबाट नै नेपाली काव्य–विधाको आधुनिक काल पनि शुरू भएको छ । यद्यपि देवकोटालाई प्राक्–आधुनिक कालमा राखेर अरु अध्ययन पनि गरिएका छन्, तर विचार, दृष्टिकोण र प्रस्तुतिकरणमा आउने नयाँपनलाई आधारमा राखेर हेर्दा मध्ययुगीन काव्य–परिस्थितिलाई परिवर्तन गर्ने कार्य देवकोटाबाट नै भएको छ । यसर्थ काव्य–प्रवृत्ति, रचनाको संख्यात्मकता र गुणात्मकता तथा वैचारिकताको कारणले देवकोटा आधुनिक कालका विशिष्ट प्रतिभा हुन् । आधुनिकतावादी प्रयोगशील काव्य–संसारका उनी आदि पुरुष हुन् । देवकोटाले आफ्नो कवित्व तथा प्रतिभाद्धारा **शाकुन्तल, महाराणा प्रताप, सुलोचना, प्रमिथस, पृथ्वीराज चौहान र वनकुसुम** छः वटा महाकाव्य; **मुनामदन, राजकुमार प्रभाकर, लूनी, दुष्यन्त–शकुन्तला भेट, कुञ्जिनी, सीताहरण, म्हेन्दु, रावण–जटायुयुद्ध, नवरस, कटक, वसन्ती, मायाविनी सर्सी, रामायण (शोककाव्य), नयाँ सत्यकलि संवाद, मैना, वसन्ती, सृजामाता, नेपाली मेघदूत, वैराग्यलहरी, आनन्द शतक** र **झञ्झावर्णन** आदि चौधवटा खण्डकाव्य; **भिखारी, पुतली, सुनको बिहान, गाइनेगीत, भावनागाङ्गेय, आकाश बोल्छ, छाँगासँग कुरा, छहरा, चिल्ला पातहरू, लक्ष्मी कवितासंग्रह, लक्ष्मी गीतिसंग्रह, मनोरञ्जन, जन्मोत्सव र मुटुका थोपा र मृत्युशय्याबाट** आदि चौधवटा कवितासंग्रह; **सावित्री–सत्यवान, भरतमिलाप, रजपूत रमणी** आदि पद्य–गीति नाटक; **चम्पा** (उपन्यास), **लक्ष्मी निबन्धसंग्रह, दाडिमको रुखनेर** (निबन्धसंग्रहहरू); **स्रष्टा देवकोटाः द्रष्टा परिवेशमा** (समालोचना संग्रह); **प्रसिद्ध प्रबन्धसंग्रह** (अनुवाद), **म्याक्वेथ** (अनुदित नाटक), **पहाड़ी पुकार** (लामो कविता) र अनेकौं फुटकर कविताको रचना

गरेका छन् । उनका असंख्य फुटकर कविताहरू अझ अप्रकाशित र अनुसन्धेय रहेका छन् । देवकोटाका यी कृतिहरूमध्ये उनका फुटकर कविताहरू, जुन चौधवटा संग्रहका लगायत प्रायः छःसयवटा भन्दा अधिक छन्, तिनैका काव्य-शिल्पगत विशेषता-बिम्ब— विधानको अध्ययन र विश्लेषण यस शोधको मूल विषय हो। यो अध्ययन सामान्य बिम्ब, काव्यबिम्ब तथा बिम्ब-विधानको आधारमा पाठगत र विश्लेषणात्मक पद्धतिद्वारा गरिनेछ ।

## १:२. अध्ययनको उद्देश्य

नेपाली कविताको आधुनिक कालमा लक्ष्मीप्रसाद देवकोटाले संख्यात्मक र गुणात्मक दुवै स्तरमा श्रेष्ठ काव्य-सिर्जना गरेका छन् । उनको काव्य-रचनामाथि शोध-अनुसन्धान गर्नुको उद्देश्य निम्नलिखित छन् -

१. लक्ष्मीप्रसाद देवकोटाका फुटकर कविताहरूको शिल्प-संरचनामाथि अध्ययन गर्दै तिनका बिम्ब-विधानको विश्लेषण गरिने यो शोधकार्य, उत्तर बङ्ग विश्वविद्यालयको नेपाली विभाग अन्तर्गत विद्यावारिधि (पिएच. डि.) उपाधि प्राप्त गर्ने प्राथमिक उद्देश्य लिएर सम्पन्न गरिएको हो ।

२. लक्ष्मीप्रसाद देवकोटाका काव्य-रचनामाथि नेपाली साहित्यमा सर्वाङ्गीन समालोचना भइसकेको भए तापनि तिनका सूक्ष्म तथा शिल्पगत वैशिष्ट्यको दृष्टिकोणबाट विशद् अध्ययन हुनसकेको छैन । यसर्थ यस अध्ययन-कार्यमा देवकोटाका काव्य-रचनाको, शिल्प र भावपक्षको आधारमा विश्लेषण तथा मूल्याङ्कन गर्ने उद्देश्य राखिएको छ ।

३. लक्ष्मीप्रसाद देवकोटाका फुटकर कवितागत बिम्ब-विधानको अध्ययन र विश्लेषण गर्दै देवकोटाका काव्य-विशेषता र प्रभावको मूल्याङ्कन गर्नु प्रस्तुत शोधकार्यको मूल उद्देश्य हो ।

## १:३. अध्येयतव्य विषयको औचित्य र सीमा

महाकवि लक्ष्मीप्रसाद देवकोटाका काव्य–कृतिमाथि विभिन्न समयका आलोचक–अन्वेषक आदिले चर्चा–परिचर्चा तथा अध्ययन–अन्वेषण गरेका छन् । यो कार्य अद्यावधि चलिरहेकै छ, तर देवकोटाका काव्य–कृतिको शिल्पगत विश्लेषण र अध्ययन गर्ने कार्य थाँतीमा नै रहेको छ । कवितामा अनुभव र कल्पनालाई भाषाको माध्यमबाट परिशोधित भई भाव तथा अभिव्यञ्जनाको मूर्त्तता पाउनुपर्ने हुन्छ । व्यवहारको भाषा भन्दा कविताको भाषा भिन्नै हुनुपर्छ । यही भाषागत स्तरमा कविताले आफ्नो सत्ता पाउनलाई विशेष युक्ति खोज्दछ – अलङ्कार, बिम्ब, प्रतीक आदि त्यसका साधन हुन् । भाषागत अन्तर्क्रियाबाट नै काव्य–कला समाजमा सदा जीवित रहन्छ । काव्य–भाषालाई बिम्ब, प्रतीक, रूढ बिम्ब (मोटिफ्), आद्य बिम्ब, मिथक आदिले सामान्य भाषाबाट केही मात्रामा अलग बनाउँछ । यद्यपि बिम्ब काव्यको निम्ति अलङ्करण मात्र नभएर साध्य पनि हो । यसर्थ काव्य स्वयंलाई एक पूर्ण बिम्ब पनि भन्न सकिन्छ । यसकारण काव्यमा नै अन्तर्सम्मिलित, संश्लिष्ट रहने बिम्बलाई काव्य–शिल्प र कविताको भाषाको आवर्त्तक भन्दा पनि हुन्छ ।

देवकोटाका काव्य–कृतिमा प्रयुक्त भाषा र काव्य–बिम्बहरूको अध्ययन तर्फ उचित जागरूकताको कमीलाई अनुभव गर्दै त्यस दिशामा कार्य गर्नु आवश्यक देखिन्छ । देवकोटाका काव्य–कवितामा बिम्ब–विधानको अध्ययन गर्नु समयोचित र औचित्यपूर्ण कार्य हुनेछ । यस अध्ययनमा देवकोटाका कविता कृतिको पाठगत बिम्ब–विधानको विश्लेषण, अध्ययन र मूल्याङ्कन गरिनेछ । यसमा देवकोटाका प्रकाशित फुटकर कविताहरू मुख्य सामग्रीका रूपमा रहनेछन् ।

○

## १:४. शोधविधि

काव्य-कविताको समालोचना, अध्ययन विभिन्न पद्धति, प्रवृत्ति, सिद्धान्त, वाद आदिको आधारमा पूर्व र पश्चिम दुवैतिर चल्दैआएको छ। देवकोटाका कविता-कृतिहरूको अध्ययन यिनै पद्धतिमा धेरै भइसकेको छ। पाश्चात्य एवं पूर्वीय हिन्दी, बाङ्गला, कन्नड आदि भाषा-साहित्यमा बिम्ब, बिम्बवाद आदिको आधारमा काव्य-कविताको अध्ययन चलिआएको भए तापनि नेपाली भाषा-साहित्यमा भने यस क्षेत्रमा मनग्य काम हुन सकेको छैन।

यस अध्ययनको मूल विषयको विशेष सैद्धान्तिक आधार यसै शोधप्रबन्धको तेस्रो अध्यायमा प्रस्तुत गरिनेछ। यस अध्ययनमा कविताको पाठपरक अध्ययन-पद्धति र व्याख्या-विश्लेषणको सामान्य पद्धतिलाई प्रयोग गरिएको छ। महाकवि देवकोटाका कवितामा पाइने बिम्ब, बिम्ब-विधानलाई अध्ययनको मूल अवलम्ब मानेर त्यसैका आधारमा कविताको व्याख्यात्मक अध्ययन भएको छ। पारम्परिक बिम्ब-भेदको वर्णन, देवकोटाका स्वच्छन्दतावादी काव्य-प्रवृत्तिद्वारा सिर्जित मौलिक बिम्बको उद्घाटन र सामान्य दैनिक व्यवहार, मानव-व्यापार तथा भाव-संवेगका नव-बिम्बहरूको विवरण पनि पाठगत, सन्दर्भसहित व्याख्या-विश्लेषणद्वारा गरिएको छ।

यस अध्ययनमा प्रबन्ध-संगठनको मूल टेको अमेरिकास्थित मर्डन ल्याङ्ग्वेज एसोसिएसनद्वारा प्रकाशित एम. एल. ए. स्टाइलसिट-लाई बनाइएको छ। अध्ययन-सामग्री संकलनमा पुस्तकालयीय अध्ययनको सहयोग लिइएको छ।

o

## १:५. पूर्वकार्यको सर्वेक्षण

महाकवि लक्ष्मीप्रसाद देवकोटा आधुनिक कालका सर्वाधिक चर्चित कवि रहेका छन् । उनका साहित्यिक-लेखनगत प्रवृत्ति तथा काव्य-कृतिमाथि विशद् र गहन अध्ययनहरू भएका छन् । अद्यावधि भइरहेकै छन् । नेपाली साहित्य जगत्का यी प्रतिभाशाली र केन्द्रीय कवि देवकोटाका काव्यसम्बन्धी पहिलो समालोचना सूर्यविक्रम ज्ञवालीले **नेपाली साहित्याकाशका दुइ तारा** (नेपाली साहित्य सम्मेलन पत्रिका, ५:१, पृष्ठ ३०-४२, वि. सं. १९९३) शीर्षकमा लेखेका छन् । यसपछि नेपाली **साहित्याकाशका तारा** (प्रहरी १:३, पृष्ठ ३४-३५, वि. सं. २०१६) शीर्षकमा पनि उनको एउटा लेख छापिएको छ । त्यसपछि अर्को समालोचनात्मक लेख '**अंग्रेजी साहित्यको प्रभाव**' (शारदा, ८:१, वैशाख१९९९, पृष्ठ १-६) शीर्षकमा रामकृष्ण शर्माले लेखेका हुन् । देवकोटा र समको लेखनमा अंग्रेजी साहित्यको प्रत्यक्ष प्रभाव रहेको कुरो प्रमाणित गर्ने त्यस लेखको ध्येय भए तापनि देवकोटाका कवि-कर्मको समीक्षा र मूल्याङ्कन पनि त्यसको प्राप्ति नै थियो । निश्चय नै देवकोटाका रचनाधर्मिता र सिर्जनात्मकताको त्यो पहिलो समालोचनात्मक ग्रहण र पठन थियो । यसपछि देखापरेको गणेशलाल सुब्बाको **मुनामदन : एक यथार्थवादी समालोचना** (दियालो १:१, सन् १९५९) लेख पनि देवकोटाका काव्य-लेखन सम्बन्धी सशक्त र सैद्धान्तिक अध्ययन हो ।

लक्ष्मीप्रसाद देवकोटाका कविता-कर्म र प्रतिभाशाली कवि-व्यक्तित्वलाई आधारमा राखेर अरू पनि धेरै समालोचनात्मक पठन र लेखन आदि विभिन्न विद्धान्-लेखकहरूले गर्दै आएका छन् । तिनमा रत्नध्वज जोशीको **देवकोटाजीको शाकुन्तल** (शारदा १३:७, वि. सं. २००४), **नवयुग पद्य आशुकवि लक्ष्मीप्रसाद देवकोटा** (शारदा १३:१२, वि. सं. २००४), **शाकुन्तलको भूमिका**, (शारदा १५:१२, वि. सं. २००६), **देवकोटाजीको शैली** (रूपरेखा २:२, वि. सं. २०१०), **निबन्धकार देवकोटा** (हिमानी २:४, वि. सं. २०१०) आदि, भीमनिधि तिवारीको महाकवि देवकोटा (प्रहरी १:३, वि. सं. २०१६), काशीनाथ तमोटको **गोरखापत्रमा अङ्कित लक्ष्मीप्रसाद देवकोटा केही टिप्पणी र टिपोट** (रचना १४:४, वि. सं. २०३३),

बालकृष्ण समको **सरस्वतीप्रसाद देवकोटा** (भानु ५:१२, वि. सं. २०२५), **महाकवि लक्ष्मीप्रसाद देवकोटा** (रचना १४:४, वि. सं. २०३३) लेख समालोचना अन्तर्गत देवकोटाका काव्यिक विशेषताहरूको उत्खनन् गरिएका छन् । हृदयचन्द्रसिंह प्रधानको लक्ष्मीप्रसाद देवकोटा (प्रगति १:३, वि. सं. २०११), **लक्ष्मीप्रसाद देवकोटा** (प्रगति १:३, वि. सं. २०११), धरणीधर शर्माको **महाकवि लक्ष्मीप्रसाद देवकोटा** (प्रहरी १:३, वि. सं. २०१६), पारसमणि प्रधानको **स्वर्गवासी लक्ष्मीप्रसाद देवकोटा** (भानु ५:१२, वि. सं. २०१५), इत्यादि लेख-समालोचनामा देवकोटाका कवि-व्यक्तित्व र कवित्वको अनुशीलन भएको छ ।

नेपाली साहित्यको आधुनिक काल बिशौं शताब्दीको नवउन्मेषवादी चहलपहलसँगै शुरू भएको हो । पश्चिमेली साहित्यमा उन्नाइसौं शताब्दीमा चलेको स्वच्छन्दतावादी प्रवृत्तिलाई नेपाली साहित्यमा कवितामार्फत् भित्र्याउने देवकोटाका काव्य-लेखनको चर्चा-परिचर्चा तदनन्तर चलेको पाइन्छ । नेपाली साहित्य-संसारमा देखापरेका तात्कालिन तथा देवकोटाका समकालीन विविध पत्र-पत्रिकामा उनका कवितासम्बन्धी लेख, जिज्ञासा र अनुसन्धानपरक उत्सुकता भरिएका कार्यहरू प्रकाशित भए । अगमसिंह गिरीको **आधुनिक नेपाली काव्य-साहित्यमा लक्ष्मीप्रसाद देवकोटाको देन** (जनदूत, सन् १९६३ नोभेम्बर), जी. छिरिङको **महाकवि लक्ष्मीप्रसाद देवकोटा** (सन् १९६४) ईश्वर बरालको **देवकोटाको कविताको लक्षण** (साहित्य-स्रोत, २००४ असोज-कार्त्तिक), **नवीन दिशाका कवि देवकोटा** (भारती १:८, २००६ माघ, पृष्ठ २०-२२), **मुनामदन-पर्यविक्षण** (प्रगति २:१, २०११ वैशाख-जेठ, पृष्ठ ७७-७३), वासुदेव त्रिपाठीको **देवकोटाका सम्बन्धमा दुइचार कुरा** (गुनकेशरी-१, २०२९ असोज-माघ, पृष्ठ ५९-७०), **देवकोटाको 'ज्वरशमना प्रकृति' कविता : एक चर्चा** (गरिमा १:२, २०३९ माघ), **शाकुन्तल महाकाव्यको किनारै-किनार डुल्दा** (गोरखा पत्र, २०२९), **देवकोटाको काव्य सृजना : उनकै आत्मस्वीकृतिहरू** (भानु ५:१२, वि. सं. २०२५), **निबन्धकार देवकोटा र नेपाली निबन्धको अभ्युदय** (रत्नश्री ८:२, वि. सं. २०२७), **महाकवि देवकोटा र नेपाली कविताका प्राप्तिहरू** (जर्नल् अव् त्रिभुवन युनिवर्सिटी, भाग १, संख्या १, सन् १९७०), लक्खीदेवी सुन्दासको **लक्ष्मीप्रसाद देवकोटा : कविका रूपमा** (२०२७ मङ्सीर, पृष्ठ २१-२६, दियालो ११:३६), कमला सांकृत्यायनको **भानुभक्त र देवकोटाका कृतिमा**

**दार्शनिक पृष्ठभूमि** (सन् १९७३ अगस्त, अँगालो), **लक्ष्मीप्रसाद देवकोटा र हाम्रो परम्पराको मूलधारा** (२०३० मङ्सीर, रूपरेखा १४:७) आदि लेख–समालोचनाद्वारा देवकोटाका काव्य–सीमा, प्रभाव र त्यसको विस्तारको समीक्षण भएको छ। यी समीक्षाहरूमा कविको प्रतिभा र काव्य–प्रवणताको अवलोकन गरिएका छन्।

ताना शर्माको भानुभक्तदेखि तेस्रो आयामसम्म (वि०सं० २०२७) समालोचनाको पुस्तकमा देवकोटाका काव्य–विशेषतामाथि विशद् विवेचना भएको छ। इन्द्रबहादुर राईको **टिपेका टिप्पणीहरू** (सन् १९६६), समीक्षात्मक लेखहरूको संग्रहमा '**अब बालकृष्ण एक्लै भए**' (पृष्ठ २४) र '**देवकोटाको 'पोथी' गद्य**' (पृष्ठ ७८) शीर्षक लेखहरू प्रकाशित छन्। तीमा देवकोटाका काव्य–विशेषता र उनका लेखन–शैलीबारे वस्तुनिष्ठ अध्ययन गरिएको छ। राजनारायण प्रधानको **केही कृतिः केही स्मृति** (सन् १९७३), समालोचना–संग्रहमा देवकोटाका '**मुनामदन**' (पृष्ठ ९३) र '**लक्ष्मी निबनध संग्रह**' (पृष्ठ १०९) आदि पुस्तकमाथि तथा तिनै क्षेत्र र शीर्षकमा समालोचनात्मक लेखहरू प्रकाशित छन्। यसले देवकोटाका शिल्प–चेतना र वैचारिक तथा दार्शनिक प्रतिपाद्यमा गहन साहित्यिक उत्खनन् गरेको छ। यही क्रममा कृष्ण गौतमको **देवकोटाका प्रबन्ध काव्य** (संवत् २०३८), घटराज भट्टराईको सम्पादनमा प्रकाशित **महाकवि देवकोटाका आनीबानी** (संवत् २०५५) आदि पुस्तक पनि महत्वपूर्ण छन्। पहिलो पुस्तकमा देवकोटाका महाकाव्यमा आधार गरेर काव्यगत विशेषताको वस्तुपरक उत्खनन् भएको छ भने दोस्रो पुस्तक देवकोटाका संस्मरणमा लेखिएका लेखहरूको संकलन हो। यी बाहेक पारसमणि प्रधानको **लक्ष्मीप्रसाद देवकोटा** (पाँच पौरखी पुरुषमा संकलित सन् १९७८), जगदीश शमशेरको **मुनामदन भ्रमण** (संवत् २००३) पनि मुख्य छन्। समालोचनाको पद्धति र त्यसको साहित्यिक उपयोगितालाई मध्यनजरमा राखेर हेर्दा केही प्रमुख समालोचकहरूका कार्य भने यस दिशामा महत्त्वपूर्ण छन्। ती शीर्षस्थ समालोचकहरू डा. वासुदेव त्रिपाठी, रत्नध्वज जोशी, दयाराम श्रेष्ठ, मोहनराज शर्मा, ठाकुरप्रसाद पराजुली, कुमारबहादुर जोशी, राममणि रिसाल, राहुल सांकृत्यायन प्रभृतिले देवकोटाको काव्य संसारमा वस्तुनिष्ठ अध्ययन गरी आफ्ना अनुसन्धानका अनेक प्राप्ति नेपाली साहित्यमा प्रस्तुत गरेका छन्। यसै क्रममा कृष्णचन्द्रसिंह प्रधानको **देवकोटाको काव्यमा निराशा** (संगम १:१, वि. सं. २०१३), **देवकोटाको काव्य परम्परा** (धरती १:२, वि. सं. २०१३), **नेपाली साहित्यमा**

**देवकोटा** (जस्केलो, वि.सं. २०२६), **देवकोटा : केही स्मृति-बिम्ब** (रचना १४:४, वि. सं. २०३३) समालोचनाहरू उल्लेखनीय छन् । ठाकुरप्रसाद पराजुलीको **देवकोटाको प्रकृति-प्रयोग र प्रकृति-काव्य वनकुसुम** (भानु ५:१२, वि. सं. २०२५), **लक्ष्मी कविता संग्रह : देवकोटाको नयाँ परिधि** (रचना १४:४, वि. सं. २०३३)-मा देवकोटाका काव्यको प्रवृत्तिमूलक विवेचना भएको छ । कुमारबहादुर जोशीको पनि केही समालोचना-लेखहरू देवकोटेली साहित्यको अध्ययन महत्त्वपूर्ण औजार साबित भएका छन् । ती मध्ये केही समालोचना - **महाकवि देवकोटा र उनको शाकुन्तल** (भानु ५:१२, वि. सं. २०२५), **महाकवि देवकोटाको महान् आदर्श** (रूपरेखा १३:१२, वि. सं. २०३०), **महाकाव्यकार देवकोटा** (गोर्खापत्र, कार्तिक, वि. सं. २०३१), **महाकवि देवकोटालाई कविता लेख्ने प्रेरणा** (मधुपर्क ७:१०, वि. सं. २०३१), **देवकोटा र समालोचना** (गोर्खापत्र, कार्तिक २०३२), **लक्ष्मीप्रसाद देवकोटा र उनको मुनामदन** (गोर्खापत्र कार्तिक वि. सं.२०३४) आदि उल्लेखनीय छन् । दयाराम श्रेष्ठ 'सम्भव' -का **देवकोटाको साहित्यलोचन सिद्धान्त** खण्ड-१ (प्रज्ञा २:४, वि. सं.२०२९), **देवकोटाको साहित्यलोचन सिद्धान्त** खण्ड-२ र ३ (मधुपर्क ६:११, वि. सं.२०३०), **मुनामदनको स्रोत तथा प्रेरणा** (रचना १४:४ वि. सं. २०३३) आदि समालोचनामा देवकोटाका काव्य विशेषताको सविस्तार अध्ययन तथा प्राप्तिहरूको निर्क्यौल गरिएको छ । डिल्लीराम तिमसिनाको **देवकोटा : एक अध्ययन** (आभा, माघ वि. सं. २०१९), **महाकवि देवकोटाका तीनवटा अप्रकाशित काव्य** (रूपरेखा ७:८, वि. सं. २०२३), नरेन्द्र चापागाईँको **शाकुन्तलको पृष्ठभूमिमा कालिदास र देवकोटा** (नेपाल, वि. सं. २०२९), **लक्ष्मी निबन्ध संग्रह र देवकोटा** (वरगाछी १, वि. सं. २०२८) आदि समालोचनात्मक अध्ययन महत्वपूर्ण तथा उल्लेखनीय छन् ।

शङ्कर लामिछानेको नेपालका महाकविसँग भेट (प्रगति १:३, वि. सं. २०१०), देवकोटा : केही फ्लासव्याक (रूपरेखा ४ : ७, वि. सं. २०२०) र कमल दीक्षितको देवकोटाका कृतिमाथि लेखिएका भूमिका, प्रकाशकीय आदि समालोचनात्मक लेखहरू जुन पछि उनका पुस्तक '**भन्ने कुरा**' -मा पुनर्मुद्रित छन्, ती महत्वपूर्ण छन् : जस्तै - **गुरू भेटी : एक रुपियाँ** (रूपरेखा ६६, वि. सं. २०२२), **महाकवि लक्ष्मीप्रसाद देवकोटाको लुनी** (वि. सं. २०२४), **महाकवि लक्ष्मीप्रसाद देवकोटाको चम्पा** (वि. सं. २०२४), **महाकवि लक्ष्मीप्रसाद देवकोटाको गाइने गीत** (वि. सं.२०२४), **महाकवि लक्ष्मीप्रसाद देवकोटाको लक्ष्मी निबन्ध संग्रह** (वि. सं. २०२४), **आठसयको संख्या**

(भानु ५:१२ वि. सं. २०२५), **लक्ष्मीप्रसाद देवकोटाको वनकुसुम** (वि. सं. २०२५), **महाकवि लक्ष्मीप्रसाद देवकोटाको भिखारी** (वि. सं. २०२६), **महाकवि देवकोटाको मुनामदन** (वि. सं. २०२७), **महाकवि लक्ष्मीप्रसाद देवकोटाको कुञ्जिनी** (वि. सं. २०३०) आदि देवकोटेली साहित्य–अध्ययनका महत्वपूर्ण प्राप्तिहरू हुन्।

यसका अतिरिक्त अन्य धेरै समालोचनात्मक अध्ययनहरू पनि भएका छन्, जसद्धारा देवकोटाका कृतिपरक विशेषताका नौला तथ्यहरू प्रकट भएका छन्। तिनमा राहुल सांकृत्यायनको **नेपालका महाकवि** (आजकल ९:१, विश्वदर्शन ५:२ र रचना १४:४– मा नेपाली अनुवाद, सन् १९५३) प्रमुख र महत्वपूर्ण अध्ययन हो।

देवकोटाका जीवनी, कविकर्म र उनको योगदानको मूल्याङ्कन गर्दै ग्रन्थरूपमा पनि पुस्तकहरू प्रकाशित छन्। तीमध्ये नित्यराज पाण्डेको **महाकवि देवकोटा** (वि.सं. २०१६) सबैभन्दा पुरानो पुस्तक हो। देवकोटाको समकालीन भएका हुनाले नित्यराज पाण्डेले आफ्नो पुस्तकमा कविको स्पष्ट छवि उतारेका छन्। चूडामणि बन्धुको **देवकोटा** (वि.सं.२०३६), जनकलाल शर्माको **महाकवि देवकोटा : एक व्यक्ति, दुइ रचना** (वि.सं.२०३२) आदि ग्रन्थहरूमा देवकोटाका व्यक्तिगत तथा साहित्यिक जीवनीको अनुशीलन भएको छ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाका गद्य–पद्य दुवै विधागत साहित्य लेखनमा आधार गरेर भारत तथा नेपालका विश्वविद्यालयहरूतिर शोधकार्य तथा अन्वेषणहरू पनि भएका छन्। अद्यावधि यो अभ्यास चलिरहेकै छ। त्यस्ता शोधकार्यमा प्रथमतः कुमारबहादुर जोशीको '**देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना**' प्रमुखरूपले अघि आउँछ। कुमारबहादुर जोशीका देवकोटासम्बन्धी अरु पनि पुस्तकहरू प्रकाशित छन्। ती हुन् : **महाकवि देवकोटा र उनका महाकाव्य** (२०३१), **देवकोटाका कवितायात्राको विश्लेषण र मूल्याङ्कन** (वि.सं.२०४७), **देवकोटाको काव्यमा प्रकृति** (वि.सं.२०५४), **एक व्यक्तित्व : अनेक दृष्टि** (देवकोटा सम्बन्धित अन्तर्वार्ता, वि.सं.२०४३) आदि। डा. जोशीका अथक र गहन कार्यले देवकोटाका काव्य विशेषता तथा साहित्यगत मान्यताहरूलाई र अध्ययनयोग्य कति अवहेलित पक्षलाई जनसमक्ष उतारेको छ। घनश्याम

नेपालको '**लक्ष्मीप्रसाद देवकोटाका मौलिक गद्य-साहित्यको शैलीवैज्ञानिक अध्ययन**' शीर्षक शोध-प्रबन्ध देवकोटेली साहित्यको सम्भवतः पहिलो शिल्पगत तथा भाषावैज्ञानिक अध्ययन हो । घनश्याम नेपालको यस कार्यले अध्ययनको क्षेत्रमा देवकोटेली साहित्यका कतिपय अँध्यारा र गुँगो पक्षलाई वाक्य फुटाइदिएको छ ।

यी बाहेक त्रिभुवन विश्वविद्यालय, काठमाडौं र उत्तर बङ्ग विश्वविद्यालय, दार्जिलिङ अन्तर्गत नेपाली विषयको एम. ए. स्तरमा विद्यार्थीहरूद्धारा तयार पारिएका लघु शोधप्रबन्धमा पनि देवकोटा विषयका अनुसन्धानहरू प्रशस्त गरिएका छन् । तीमध्ये किरण कुमार खरेलको **महाकवि देवकोटाको काव्याराधना** (नेपाली स्नातकोत्तर शोधपत्र, कीर्त्तिपुर; त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षण समिति, वि.सं.२०२४), बालकृष्ण भण्डारीको **महाकवि देवकोटाको 'बनकुसुम' महाकाव्यको विश्लेषण र मूल्याङ्कन** (नेपाली स्नातकोत्तर शोधपत्र, कीर्त्तिपुर; त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षण समिति, वि.सं.२०३१) आदि प्रमुख छन् । त्यस्तै प्रकारले उत्तर बङ्गाल विश्वविद्यालय, भारतको नेपाली विभागले सञ्चालन गरेको एम.ए. स्तरको पाठ्यक्रम अनुरूप तयार पारिएका लक्ष्मीप्रसाद देवकोटाका साहित्य-कर्ममाथि लघुशोध प्रबन्ध पनि उल्लेखनीय छन् । यस क्षेत्रमा कविता थापाको **लक्ष्मीप्रसाद देवकोटाका कवितामा क्रान्तिकारी चेतना : एक अध्ययन** (सन् १९९२), पूर्णिमा थापाको **लक्ष्मी निबन्ध संग्रहका निबन्धहरूको सर्वेक्षणात्मक अध्ययन** (सन् १९९२), मालती राईको **नेपाली कवितामा प्रकृति चित्रणको परम्परा र शाकुन्तल महाकाव्य : विश्लेषणात्मक अध्ययन** (सन् १९९३), विधान लामाको **लक्ष्मीप्रसाद देवकोटाको गीतिकविता : विश्लेषणात्मक अध्ययन** (सन् १९९३), ढाकाप्रसाद ब्राह्मणको लक्ष्मीप्रसाद देवकोटाका मानवतावादी कविता : विश्लेषणात्मक अध्ययन (सन् १९९३), गणेशकुमार प्रधानको **नेपाली बाल-साहित्य-परम्परामा देवकोटाका कविताहरूको परिचयात्मक अध्ययन** (सन् १९९५), पुष्कर पराजुलीको **महाकवि लक्ष्मीप्रसाद देवकोटाका खण्डकाव्यहरू : परिचयात्मक अध्ययन** (सन् १९९५), दिलकुमार प्रधानको **नेपाली कवितामा लोकलयको प्रयोग तथा महाकवि लक्ष्मीप्रसाद देवकोटा : विश्लेषणात्मक अध्ययन** (सन् १९९६) आदि प्रमुख लघुशोध प्रबन्धहरू हुन् । यी कार्यमा देवकोटाका काव्यमा पाइने विविध पक्ष र विशेषतालाई उद्घाटित गरिएको छ । नेपाल तथा भारतका विश्वविद्यालयहरूमा यस प्रकारका

शोधकार्य अद्यावधि चलिरहेकै छ । यसै सन्दर्भमा गार्गीदेवी शर्माको **नेपाली स्वच्छन्दतावादी कवितामा प्रकृति प्रयोग** (सन् १९९०, काशी हिन्दू विश्वविद्यालय) शोधप्रबन्धको पनि उल्लेख गर्नु अनिवार्य छ । किनभने शोधको शीर्षकले संकेत गरेको विषय-क्षेत्रमा देवकोटाकै काव्य-जगत्लाई प्रमुख रूपले अध्येतव्य विषय बनाइएको छ । रामप्रसाद शर्माको **महाकवि लक्ष्मीप्रसाद देवकोटा र सूर्यकान्त त्रिपाठी 'निराला' -का काव्यमा विद्रोही स्वर : तुलनात्मक अध्ययन** (सन् १९८९, काशी हिन्दू विश्वविद्यालय) पनि महत्वपूर्ण शोधकार्य हो ।

उपर्युक्त शोध-प्रबन्धबाहेक देवकोटाका काव्यकृतिहरू माथि मुख्यतः फुटकर रूपमा लेख, समालोचना-समीक्षा आदि धेरै मात्रामा भएका छन् । यसै सन्दर्भमा पहिले देवकोटाका सहपाठी चन्द्रबहादुर श्रेष्ठ (सि. बि. श्रेष्ठ) -द्वारा **दि राइजिङ नेपाल** -मा लेखिएका देवकोटासम्बन्धी संस्मरणात्मक लेखहरू उल्लेखनीय छन् । ती लेखहरू - **देवकोटा, ए पेट - चाइल्ड अव् मिस्फर्च्यून** (सन् १९७०, अप्रिल २४, पृष्ठ ४-५), **देवकोटा, ए पोष्ट-ग्रेजुएट स्टुडेन्ट इन पटना** (सन् १९७०, अप्रिल १७, पृ. ४-५), **देवकोटाज् आउट्पोरिङ् अव् सेन्टिमेन्टल थट्स्** (सन् १९७० अप्रिल २७, पृ. ४-५), **देवकोटा ए रिएर डाइमन्ड विद् ए बिट् अव् एज** (सन् १९७०, जून ३०, पृ. ४-५), **देवकोटा अन्डर टेक्स्ट टूर अव् नर्दन् इन्डिया** (सन् १९७०, मई ६, पृ. ४-५), **फ्रेन्डसिप् विद् देवकोटा रेज्यूम्ड** (सन् १९७० अप्रिल १०, पृष्ठ ४-५) आदि सबै अंग्रेजी भाषामा लेखिएका छन् । तथापि संस्मरणात्मक, विश्लेषणात्मक भएकाले ती शोध तथा अनुसन्धानका क्षेत्रमा गृहीत र योग्य प्रमाणित छन् ।

फुटकर रूपमा भारत तथा नेपालबाट प्रकाशित हुने विभिन्न पत्र-पत्रिका र पुस्तकहरूमा देवकोटाका काव्य-रचनामाथि विविध समालोचनाहरू प्रकाशित भइरहेकै छन् । **गरिमा**-का उपलभ्य अङ्कहरूबाट प्रमुख रूपले कुमारबहादुर जोशीको **देवकोटाको पागल कविता** (वर्ष २, अङ्क १२, पूर्णाङ्क २४, संवत् २०४१, माघ), **देवकोटाका कविता** (वर्ष २, अङ्क ५, पूर्णाङ्क १८, वि.सं. २०४१, वैशाख), **महाकवि देवकोटा** (वर्ष ३, अङ्क ९, पूर्णाङ्क ३३, वि.सं. २०४२, भदौ), महादेव अवस्थीको **राजकुमार प्रभाकर** (वर्ष ३, अङ्क ११, पूर्णाङ्क ३५, वि.सं.२०४२, कार्तिक), भरतराज पन्तको **एकछिन देवकोटा पढौं** (वर्ष ११, अङ्क १२, पूर्णाङ्क १३२, सं. २०५०, मङ्सीर), मोहन सिटौलाको **काव्यपरम्परामा प्रमिथियस** (वर्ष १२, अङ्क ५, पूर्णाङ्क

१३८, वि.सं. २०५१, वैशाख), शैलेन्द्रप्रकाश नेपालको **मुनामदनको सामाजिकता** (वर्ष १२, अङ्क ५, पूर्णाङ्क १३८, वि.सं. २०५१, वैशाख) आदि समीक्षा-समालोचनाहरू उल्लेखयोग्य छन् ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाका काव्यका विविध पक्ष तथा विशेषतामाथि अनेकौं लेख, समीक्षा-समालोचनाहरू भइरहेकै छन् । भारत तथा नेपालका विभिन्न विश्वविद्यालयहरू तिर देवकोटाका साहित्यमाथि शोध-अनुसन्धानका कार्य सम्पन्न भइरहेका छन् । अझ भविष्यमा देवकोटेली साहित्यका नौला-नौला आयाम तथा क्षितिजको विस्तार उघ्रिँदै जाने सम्भावनामा नेपाली साहित्य संसार सदा आशावादी रहेको छ ।

## १.६. भविष्यत शोधको सम्भावना :

महाकवि लक्ष्मीप्रसाद देवकोटाका काव्य-कवितामाथि भइसकेका र भइरहेका शोधकार्यबारे विवरण अध्याय १:५ मा दिइएको छ । यस क्षेत्रमा केही स्वतन्त्र र महत्वपूर्ण अध्ययनहरू भइसकेको भए तापनि देवकोटाको कृतित्वको गहनता र गम्भीरतामा पुग्नसक्ने अध्ययनका अनेकौं अवसर र पक्षहरू त्यत्तिकै छोडिएका छन् । ती पक्षहरूमाथि गम्भीरतापूर्वक शोध, अध्ययन-अन्वेषण हुन बाँकी नै छ । आफ्नो शोधकार्यको क्रममा यस शोधार्थीलाई भएको अनुभवको आधारमा भविष्यत् शोधकर्त्ताहरूका निम्ति निम्नलिखित विषयहरू सुझावस्वरूप प्रस्तुत गर्नु सान्दर्भिक ठान्दछु -

१. महाकवि लक्ष्मीप्रसाद देवकोटाका महाकाव्यहरूको भाषिक अध्ययन,
२. महाकवि लक्ष्मीप्रसाद देवकोटाका खण्डकाव्यगत कथानक-रुढीको विश्लेषणात्मक अध्ययन,
३. महाकवि लक्ष्मीप्रसाद देवकोटाका फुटकर कवितागत प्रतीक-योजनाको विश्लेषणात्मक अध्ययन,
४. महाकवि लक्ष्मीप्रसाद देवकोटाका काव्यकृतिहरूको समाजशास्त्रीय अध्ययन,
५. महाकवि लक्ष्मीप्रसाद देवकोटाका महाकाव्यहरूको सांस्कृतिक अध्ययन ।